



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०७ | माघ २०८२ | Year 33 Vol 07 | Jan. / Feb. 2026


## राष्ट्रिय वाणिज्य बैंकको ६१औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**काठमाडौं, माघ १०**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६१औं वार्षिकोत्सव कार्यक्रम माननीय अर्थमन्त्री रामेश्वरप्रसाद खनालको प्रमुख आतिथ्यतामा शनिबार एक समारोहका बीच सम्पन्न भएको छ। कार्यक्रममा अर्थमन्त्री रामेश्वरप्रसाद खनालले ऋणीहरूको मनोविज्ञान बुझेर कर्जा विस्तार गर्ने, बैंकद्वारा ऋणीहरूको प्रोफाइलिङ गर्ने, नगद कारोबार भन्दा डिजिटल कारोबारलाई प्रोत्साहन गर्नुपर्ने लगायत विषयमा जोड दिनुभयो। साथै बैंकले कर्जा लगानी गर्दा धितोमा आधारित भन्दा




पनि क्रेडिट स्कोरको आधारमा लगानी गर्ने व्यवस्था गर्न सक्ने हो भने उद्यमशिलता तथा आयआर्जन र तिर्न सक्ने क्षमतामा आधारित विधिबाट अगाडी बढ्न सकिने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री खनालले बैंकको ६१औं वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क स्मारिका उपहार २०८२ विमोचन गर्नुका साथै यस वर्ष राष्ट्रिय वाणिज्य बैंकले सञ्चालनमा ल्याएका १२ वटा शाखा कार्यालयहरूको डिजिटल माध्यमबाट औपचारिक रुपमा उदघाटन गर्नुभयो।

सोही अवसरमा मन्त्री खनालले बैंकको नयाँ प्रडक्ट 'आरबिबि फोन लोन'को शुभारम्भ गर्नुभयो। कार्यक्रममा बैंकमा बीस वर्ष सेवा पूरा गर्नुभएका कर्मचारीहरूलाई दीर्घसेवा पदक सहित सम्मान गरिएको थियो।

बाँकी पृष्ठ ८ मा

## नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनी सेवा निवृत्त




**काठमाडौं, माघ २५**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी २०८२ माघ २५ गतेदेखि सेवा निवृत्त हुनुभएको छ। वि.सं. २०५१ सालमा तह ७ कम्प्युटर प्रोग्रामर पदमा सेवा प्रवेश गर्नुभएका लोहनीले बैंकको डिजिटल रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । बैंकका लागि कागजी ढङ्गाको युगलाई कम्प्युटराइज्ड प्रणालीमा रूपान्तरण गर्न सफ्टवेयर विकास गर्ने जिम्मेवारीबाट शुरु भएको उहाँको सेवा यात्रामा बैंकले कम्प्युटराइजेशनको प्रारम्भिक चरणदेखि लिएर सूचना प्रविधिको आधारभूत संरचना निर्माणसम्मको यात्रा गर्न सफल भयो । त्यस अवधिमा उहाँले बैंकलाई आवश्यक पर्ने महत्वपूर्ण सफ्टवेयरहरूको विकास गरी आन्तरिक कार्यहरूमा सहजता ल्याउनुका

बाँकी पृष्ठ ८ मा

## राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको अवसरमा विविध खेलकुद कार्यक्रम सम्पन्न



**काठमाडौं, माघ ११**

राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको अवसरमा विविध खेलकुद कार्यक्रमहरू आयोजना गरियो। उक्त खेलकुद कार्यक्रमहरू सम्पन्न गर्न यसअघि विभिन्न उपसमितिहरू गठन गरिएको थियो। जसमा साम्राज्य शाक्यको संयोजकत्वमा फुटसल उपसमिति, कविराज बरालको संयोजकत्वमा ब्याडमिन्टन उपसमिति र साजन सुवालको संयोजकत्वमा टेवलटेनिस उपसमिति रहेका थिए। विभिन्न विधामा प्रथम, द्वितीय र तृतीय स्थान

बाँकी पृष्ठ ३ मा

# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
**प्रमुख कार्यकारी अधिकृत**

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहकवर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार! नेपाल सरकारको पूर्ण स्वामित्वमा वि.सं. २०२२ माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले विभिन्न आरोहअवरोह पार गर्दै गत माघ १० गते स्थापनाको ६० औँ वर्ष पूरा गरी ६१ औँ वर्षमा प्रवेश गऱ्यो। उक्त अवसरमा बैंकलाई शुभकामना प्रदान गर्नुहुने सम्माननीय प्रधानमन्त्री, नेपाल सरकारका अर्थमन्त्री, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ सचिव, राजस्व सचिव, बैंकका अध्यक्ष तथा सञ्चालकहरू, विभिन्न संघसंस्था, ग्राहकवर्ग एवं शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्दछौं ।

कर्मचारी मित्रहरू, मुलुक यतिबेला निर्वाचनको संघारमा छ। गाउँ शहरमा चुनावी गतिविधि बढेसँगै अर्थतन्त्र थप चलायमान हुने र आर्थिक गतिविधि पनि बढ्ने अपेक्षा गरिएको छ। आर्थिक गतिविधि बढेसंगै समग्र माग र उत्पादनमा सकारात्मक असर पर्ने देखिन्छ। यसलाई अवसरको रुपमा लिई बैंकको व्यवसाय विस्तार र कर्जा असुलीमा हामीले विशेष ध्यान दिनुपर्नेछ। हालै मात्र बैंकको चालु आ.व.को दोश्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरणहरू प्रकाशित भएको छ। यस अवधिमा १ अर्ब ७७ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ। यद्यपि बैंकको निष्क्रिय कर्जा अनुपात (NPA) ४.३६ प्रतिशत पुग्नुले हामी सजग हुनुपर्ने अवस्था छ।

बैंकले आफ्नो ६१ औं वार्षिकोत्सवको अवसरमा मोबाइल बैंकिङ एपबाटै कर्जा माग गरी प्राप्त गर्न सक्ने RBB Foneloan सुविधा घोषणा गरेको छ। अबदेखि बैंकमा तलबी वचत खाता सञ्चालन गर्ने ग्राहकहरूले आफ्नो खातामा भएको कारोवारको आधारमा फोनलोन सुविधा आफ्नो मोबाइलबाट नै प्राप्त गर्नसक्ने व्यवस्था गरिएको छ। बैंकको मोबाइल बैंकिङ एप RBB Digital Sansar मार्फत बिना धितो, बिना कागजात, बैंकमा नगई हाललाई रु. १ लाखसम्मको कर्जा उपभोग गर्नसक्ने व्यवस्था गरिएको छ । कृषि, जलविद्युत, पर्यटनजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी बढाउँदै बैंकले आगामी दिनमा ग्राहकको माग अनुरुपका सेवा सुविधाहरू उपलब्ध गराउँदै लैजाने प्रतिबद्धता हामी पुनः दोहोऱ्याउन चाहन्छौँ।

विगत ६ दशकदेखि हाम्रा आदरणीय ग्राहकवर्गले बैंकप्रति देखाउनुभएको माया, सदभाव र विश्वासलाई हामी कर्मचारी साथीहरूले गहन रूपमा बुझ्नेछौं र तदनुरूप मिहिनेतका साथ सेवा प्रवाहमा खटिई वहाँहरूको सन्तुष्टीमा कमी आउन दिने छैनौं। सबैको सामुहिक प्रयास, सक्रियता र योगदानले बैंकलाई अझ नयाँ उचाइमा पुऱ्याउनेछ भन्नेमा हामी विश्वस्त छौं। धन्यवाद! ■

# बैंकको ६१औं वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान तथा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न




**काठमाडौं, माघ ७**

राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको रक्तदान तथा निःशुल्क स्वास्थ्य शिविर मंगलबार सम्पन्न भएको छ। बैंकको केन्द्रिय कार्यालय काठमाडौं तथा विभिन्न प्रदेशमा रहेका बैंकका प्रादेशिक कार्यालयहरूमा सञ्चालित रक्तदान कार्यक्रममा कुल ४१३ जना रक्तदाताले रक्तदान गरेका छन्। रक्तदान गर्नेहरूमा केन्द्रिय कार्यालय काठमाडौंबाट ११३ जना, कोशी प्रादेशिक कार्यालयबाट ६९ जना, गण्डकी प्रादेशिक कार्यालयबाट ६६ जना, कर्णाली प्रादेशिक कार्यालयबाट ४२ जना, लुम्बिनी प्रादेशिक कार्यालयबाट ३१ जना, सुदूरपश्चिम प्रादेशिक कार्यालयबाट ५० जना र मधेश प्रादेशिक कार्यालयबाट ४२ जना रहेका छन्।



त्यसैगरी बैंकको केन्द्रीय कार्यालय सिंहदरबार प्लाजामा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरमा २५० जना कर्मचारीले स्वास्थ्य परिक्षण गरेका छन्। उक्त स्वास्थ्य शिविरमा सुमेरु अस्पताल जावलाखेल (ललितपुर) का अनुभवी चिकित्सकहरूद्वारा बैंकमा कार्यरत कर्मचारीहरूलाई डायबिटिज्, युरिक एसिड तथा आँखा परीक्षण, मृगौला परिक्षण (Kidney function test) सेवा निःशुल्क उपलब्ध गराईएको थियो भने USG Test लगायतका अन्य स्वास्थ्य परिक्षण सेवा सहुलियतपूर्ण शुल्कमा उपलब्ध गराईएको थियो। ■



## खेलकुद कार्यक्रम सम्पन्न . . .




हासिल गरी विजयी हुने खेलाडीहरूलाई बैंक केन्द्रिय कार्यालयमा माघ ९ गते आयोजित एक समारोहका बीच मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो। पुरस्कृत हुने खेलाडीहरूको विवरण

- द्वितीयः हरिकृष्ण विष्ट, उत्तम बज्राचार्य
- तृतीय : लाल बहादुर थापा , मुकेश खड्का, सुविन्द्र महर्जन, सिद्धार्थ के.सी.



निम्नानुसार रहेको छ :

**टेवलटेनिस (पुरुष सिंगल) तर्फः**
- प्रथमः विवेक श्रेष्ठ
- द्वितीयः सुरेश अवाल
- तृतीयः रोशन सन्जेल, संजिव चौधरी

**टेवलटेनिस (पुरुष डबल) तर्फः**
- प्रथमः विवेक श्रेष्ठ, निर्मल खड्का
- द्वितीय : जयन्द्र कुँवर, रोमन शाही
- तृतीय : सुरेश अवाल, अशिम श्रेष्ठ, श्रवण खत्री, सुजन जोशी

**टेवलटेनिस (महिला सिंगल) तर्फः**
- प्रथमः प्रसन्ना दास
- द्वितीय : निभा सिंह
- तृतीयः डोल्मा शेर्पा, अनुजा न्यौपाने

**ब्याडमिन्टन (पुरुष सिंगल) तर्फः**
- प्रथमः लाल बहादुर थापा
- द्वितीय : गोरख बहादुर शाही
- तृतीय : गुप्त के.सी., हरिकृष्ण विष्ट

**ब्याडमिन्टन (पुरुष डबल) तर्फः**
- प्रथमः गुप्त के.सी., गोरख बहादुर शाही

**ब्याडमिन्टन (महिला सिंगल) तर्फः**
- प्रथमः अनुजा न्यौपाने
- द्वितीय : प्रसन्ना दत्त
- तृतीयः उर्मिला अधिकारी, सुजाता मिश्र

**फुटसल (पुरुष) तर्फः**
- प्रथमः किरण कुमार श्रेष्ठ, संजिव कुमार चौधरी, श्रवणकुमार खत्री, साम्राज्य शाक्य, शंकर खड्का, ध्रुव कुमार थारु, गुरुप्रसाद राई, अशिम श्रेष्ठ
- द्वितीयः नबिन भण्डारी, पेशल नेपाल, अरुण ढुंगाना, आशिष राई, उमेश खड्का, सृजन भट्टराई, केन्दिप श्रेष्ठ, धन बहादुर वि.क.
- तृतीय : मदन सुवेदी, विधान ज्ञवाली, रविन्द्र राई, झलक आचार्य, नबिन भट्टराई, कमान सिंह लामा, प्रकाश काफ्ले, प्रेमलाल डगौरा, बिनोद तण्डुकार, संजीव यादव, लव यादव, रबिन खड्का, गोविन्द बहादुर नेपाली, रुपेश कुमार बुढाथोकी, प्रकाश बोगटी, रमेश खड्का

**फुटसल (महिला) तर्फः**
- प्रथमः अर्पणा भट्टराई, राज्य महर्जन, निति कार्की, श्रृजना विष्ट, अंजली भण्डारी, लाक्पा डिक्की शेर्पा, न्हसला तुलाधर, सविता शाही
- द्वितीयः दुर्गा कुमारी कंडेल, सन्ध्या श्रेष्ठ, लविता थापा, प्रतिमा के.सी., अनिशा खनाल, पुष्पा कुमारी खनाल, मोनिका महर्जन, एलिशा खरेल
- तृतीय : लक्ष्मी खत्री, अम्बिका राउत, सुसन श्रेष्ठ, निकिता श्रेष्ठ, सोचिता आचार्य, युनिशा श्रेष्ठ, रोहिनी श्रेष्ठ, प्रकृती पौडेल, इन्दिरा अर्याल, स्वेता मल्लिक, सूनिता कुमारी मिश्र, स्वेता शाही, उषा पन्थ, यसोदा घिमिरे, दिपा पाण्डे, पवित्रा भट्टराई

**फुटसल सर्वाधिक गोलकर्ता :**
- पुरुष : ध्रुव थारु - ७ गोल
- महिलाः लाक्पा डिकी शेर्पा-३ गोल

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८२/८३ को दोस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक

● खुद मुनाफा १ अर्ब ७७ करोड ● निक्षेप ५ खर्ब ६३ अर्ब ● कर्जा ३ खर्ब २७ अर्ब

**काठमाडौं, २५ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८२/८३ को दोस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणहरू प्रकाशित भएको छ। बैंकले यस अवधिमा १ अर्ब ७७ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा ७६ करोड ३० लाख रुपैंया रहेको थियो। यसरी खुद मुनाफा गत आ.व.को सोही अवधिको तुलनामा १३२.०४ प्रतिशतले वृद्धि भएको हो। यस किसिमको वृद्धि देखिनुमा बैंकको खुद ब्याज आम्दानीमा वृद्धि हुनु प्रमुख कारण रहेको छ।

आ.व. २०८२/८३ को दोश्रो त्रैमासमा बैंकको खुद ब्याज आम्दानी ६ अर्ब १० करोड रुपैंया, कुल सञ्चालन आम्दानी ७ अर्ब ३६ करोड रुपैंया खुद सञ्चालन नाफा (कर अघिको) २ अर्ब ५२ करोड रुपैयाँ, वितरणयोग्य मुनाफा (Distributable Profit) २४ करोड १८ लाख रुपैयाँ (ऋणात्मक) रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) १ अर्ब ८६ करोड रुपैंया रहेको छ। २०८२ पौष मसान्तमा बैंकको कुल निक्षेप ५ खर्ब ६३ अर्ब रुपैंया र खुद कर्जा तथा सापट ३ खर्ब १२ अर्ब रुपैंया पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा २५.१३ प्रतिशत र कर्जा तथा सापटमा ९.८७ प्रतिशतले वृद्धि भएको छ।

२०८२ पौष मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) ११.३३ प्रतिशत कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ५९.४९ प्रतिशत र आधार दर (त्रैमास औसत) ४.४२ प्रतिशत भएपनि पौषको ४.३६ प्रतिशत रहेको छ। त्यसैगरी निष्क्रिय कर्जा अनुपात (NPA) ४.३६ प्रतिशत, व्याजदर अन्तर (Spread Rate) ३.५४ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ३.०४ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earnings Per Share annualized) रु. २२.६४ रहेको छ। आ.व.२०८२/८३को दोश्रो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ। ■

# प्रदेशहरूमा विविध कार्यक्रमसहित राष्ट्रिय वाणिज्य बैंकको ६१औं वार्षिकोत्सव मनाइयो

## कोशी प्रदेश



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६१औं वार्षिकोत्सवको उपलक्ष्यमा कोशी प्रादेशिक कार्यालयको आयोजनामा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ। माघ ६ गते बैंक व्यवस्थापन र ट्रेड युनियन बिच मैत्रीपूर्ण फुटबल प्रतियोगिता, म्यूजीकल चियर र हांडी फुटाउने खेलकूद कार्यक्रम आयोजना गरियो। साथै सोही दिन बैंकका कर्मचारीहरु लगायत अन्य व्यक्तिहरु गरी जम्मा ६९ जनाको सहभागीतामा शाखा कार्यालय विराटनगरको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न गरियो। त्यसैगरी माघ ८ गते कोशी प्रादेशिक कार्यालयको आयोजनामा श्री पोखरीया मा.वि. विराटनगरमा वित्तिय साक्षरता कार्यक्रम गरिएकोमा उक्त कार्यक्रममा विद्यालयका ७१ जना विद्यार्थीहरूको सहभागीता रहेको थियो। साथै कोशी प्रादेशिक कार्यालय अन्तर्गतका विभिन्न १८ वटा शाखा कार्यालयहरूले माघ २ गतेदेखि ९ गतेसम्म विभिन्न विद्यालय तथा संस्थामा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेका थिए।

माघ १० गते कोशी प्रादेशिक कार्यालय तथा सो अन्तरगतका शाखा कार्यालयहरू विराटनगर, बरगाछी, देवकोटाचोक, महेन्द्रचोक र सुख्खा बन्दरगाहमा कार्यरत कर्मचारीहरू भेला भई कर्मचारीहरुद्वारा शाखा कार्यालय विराटनगरदेखि ६१ औं वार्षिकोत्सवको औपचारिक कार्यक्रम स्थलसम्म विभिन्न वित्तिय साक्षरता सम्बन्धी प्लेकार्डहरू सहित विराटनगर बजार परिक्रमा गरिएको थियो। बैंकको कोशी प्रादेशिक कार्यालय विराटनगरका प्रादेशिक प्रबन्धक श्री हेमराज खरेलको सभापतित्वमा आयोजना गरिएको वार्षिकोत्सव समारोहमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय, कोशी प्रदेशका सचिव एवम् यस बैंकका पूर्व सञ्चालक श्री नारायणप्रसाद रिसालको प्रमुख आतिथ्यता रहेको थियो। उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, विराटनगरका उपनिर्देशक, आन्तरिक राजश्व कार्यालय, विराटनगरका कार्यालय प्रमुख, राष्ट्रिय वाणिज्य बैंकका पूर्व नायब महाप्रबन्धक श्री सूरेन्द्र कुमार वजिमयो, पूर्व कर्मचारी संघका प्रतिनिधि, बैंकमा क्रियाशिल ट्रेड यूनियनका प्रतिनिधिहरू, विराटनगर शाखाका शाखा प्रबन्धक लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बैंकका पूर्व कर्मचारी श्री देवेन्द्रबहादुर श्रेष्ठ, पूर्व कर्मचारी तथा पूर्व पश्चिम राजमार्ग साईकल यात्रा पूरा गर्नुभएका साइकल यात्री श्री लक्ष्मण कोईराला र उत्कृष्ट कृषि उद्यमी श्री विराट वायोटेक इन्डष्ट्रिज प्रा.लि.का सञ्चालक श्री बाबुराम ढकाललाई सम्मान गरिएको थियो। बैंकका कर्मचारीहरू र पूर्वकर्मचारीहरूको उत्साहपूर्ण उपस्थिती रहेको कार्यक्रममा विभिन्न खेलकूद प्रतियोगितामा विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रम प्रादेशिक उप-प्रमुख श्री वरुण कुमार कर्णको स्वागत मन्तव्य र उप-प्रबन्धक श्री दिपेन्द्र भट्टराईको सञ्चालनमा सम्पन्न भएको थियो। ■

## मधेश प्रदेश



रष्ट्रिय वाणिज्य बैंक लि को ६१औं वार्षिकोत्सवको अवसरमा मधेश प्रादेशिक कार्यालयद्वारा रक्तदान कार्यक्र सम्पन्न गरिएको छ। नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा सञ्चालित उक्त रक्तदान कार्यक्रममा ४२ जना रक्तदाताले रक्तदान गरेका थिए। बैंकका कर्मचारी, ग्राहक र आम नागरिक सहभागी उक्त कार्यक्रममा रक्तदातालाई खादा तथा प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो। त्यसैगरी माघ ७ गते श्री नृसिंह मा.वि.मा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो । डिजिटल प्रोड्क्ट, बैंकिङ फ्रड, बैंकिङ प्रबर्द्धन विषयमा जानकारीमूलक प्रस्तुति रहेको उक्त कार्यक्रममा ६० जना भन्दा बढी विद्यार्थीहरूको सहभागिता रहेको थियो।

त्यसैगरी माघ ९ गते क्रिकेट, ब्याडमिन्टन र हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो जसमा शाखा कार्यालय वीरगंज, श्रीपुर र मधेश प्रदेशका कर्मचारीहरुको सहभागिता रहेको थियो। कर्मचारी बीच मैत्रीभाव अभिवृद्धि, स्वास्थ्य प्रवर्द्धन र आपसी मेलमिलापको उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रमहरुमा बिजेतालाई पुरस्कार स्वरुप सिल्ड, पदक र प्रमाणपत्र प्रदान गरिएको थियो। माघ १० गते वीरगंजमा एक समारोहका साथ बैंकको ६१औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा ६४ जनाको सहभागिता रहेको थियो। बैंकको मधेश प्रादेशिक कार्यालयका प्रमुख, शाखा कार्यालय वीरगंज र श्रीपुरका प्रबन्धक, कर्मचारी लगायत उपस्थित उक्त कार्यक्रममा उत्कृष्ट निक्षेपकर्ता र कर्जा ग्राहकलाई सम्मान गरिएको थियो। ■

## बागमती प्रदेश




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६१ औं वार्षिकोत्सवको अवसरमा बागमती प्रदेशका सबै जिल्लाहरूमा एकै साथ वित्तिय साक्षरता कार्यक्रमहरु सम्पन्न गरिएको छ। वित्तीय ज्ञान तथा बैंकिङ कारोबारको महत्त्वका बारेमा जानकारी दिई विद्यालय तथा क्याम्पसका विद्यार्थीहरू, आमा समुह तथा महिला सम्बद्ध संस्थाहरुका सदस्यहरु र स्थानीयबासीहरुलाई बैंकिङ कारोबारमा अभ्यस्त बनाई समाजमा

वित्तीय पहुँच अभिवृद्धि गराउने उद्देश्यले बैंकको बागमती प्रादेशिक कार्यालय र सो अन्तर्गतका १६ वटा शाखाहरू कार्यालयहरुद्वारा उक्त कार्यक्रमहरू सञ्चालन गरिएको थियो। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा प्रदान गरिने सेवा सूविधाहरू, डिजिटल बैंकिङ कारोबार, विद्यार्थी तथा महिला लक्षित बचत खाताका साथै बैकिङका विविध आयामहरूको बारेमा जानकारी गराईएको उक्त कार्यक्रमहरुमा एक हजार भन्दा बढीको संख्यामा उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागीहरुबाट उठाईएका प्रश्न तथा जिज्ञासाहरूलाई सम्बन्धित कार्यक्रम आयोजक शाखाका शाखा प्रबन्धक एवं प्रशिक्षक कर्मचारीहरूद्वारा सम्बोधन गरिएको थियो। सोही अवसरमा बागमती प्रादेशिक कार्यालयको तर्फबाट राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले विद्यार्थी तथा महिला लक्षित सेवा सुविधाका साथै देशको आर्थिक विकास एवं जनताको हितलाई ध्यानमा राखेर विभिन्न अफर सहितका आधुनिक बैंकिङ सेवा सुविधाहरु ल्याइरहेको र भविष्यमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने जानकारी गराइएको थियो।

त्यसैगरी जनताको अनवरत विश्वासका साथ बैंक ६१ औं वर्षमा प्रवेश गरेको शुभ अवसरमा बागमती प्रदेश अन्तर्गतका ७६ वटा शाखाहरूले उत्कृष्ट निक्षेपको आधारमा १५२ जना निक्षेपकर्ता, असल वर्गमा रहेका कर्जा ग्राहकहरु मध्यबाट व्यावसायिकता, उद्यमशिलता, रोजगारी सिर्जना आदिको आधारमा १४८ जना कर्जा ग्राहक र कृषि कर्जा लिएका ग्राहकहरू मध्यबाट १ जना ग्राहकलाई सम्मान गरिनुका साथै बढी डिजिटल कारोबार गरेको आधारमा ७६ जना ग्राहकलाई सम्मान गरिएको थियो। ■

## गण्डकी प्रदेश




राष्ट्रिय वाणिज्य बैंक लिमिटेड गण्डकी प्रादेशिक कार्यालय पोखराले बैंकको ६१ औं वार्षिकोत्सव विविध कार्यक्रमहरू आयोजना गरी मनाएको छ। कार्यक्रम अन्तर्गत माघ ५ गते पोखरा उपत्यका अन्तर्गतका शाखा कार्यालयहरू बीचमा चार वटा समूह विभाजन गरी पुरुष फुटसल प्रतियोगिता तथा महिला कर्मचारीहरूलाई दुई समूहमा विभाजन गरी महिला फुटसल प्रतियोगिता आयोजना गरिएको थियो। पुरुष फुटसल प्रतियोगितामा शाखा कार्यालयहरू तालचोक र अमरसिंहचोकको टिमले प्रथम स्थान हासिल गर्न सफल भएको थियो। त्यसैगरी माघ ६ गते आयोजना गरिएको रक्तदान कार्यक्रममा कुल ६६ जना रक्तदाताको सहभागी रहेको थियो। रक्तदान कार्यक्रममा बैंकका कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा अन्य सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। त्यसैगरी माघ ७ गते पोखरा महानगरपालिका वडा नं.११ फुलबारीमा अवस्थित श्री शिवशक्ति माध्यमिक विद्यालयमा अध्यननरत ८६ जना विद्यार्थीहरूलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममार्फत विद्यार्थीहरूलाई बचत, कर्जा तथा डिजिटल बैंकिङ सम्बन्धी जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा उपस्थिति विद्यार्थीहरूबाट सोधिएका प्रश्न र जिज्ञासाको प्रादेशिक प्रवन्धक पुष्पचन्द्र थापाले जवाफ दिनुभएको थियो।

बैंकको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयहरू चामे, सुन्दरबजार, पालुङ्टार, आँबुखैरेनी, हरिचोक लेकसाईड, बुर्तिवाङ्ग, बेनीबजार, मुस्ताङ, बयरघारी, अरुणखोला, फलेवास, वालिङ र टाँगिकोटद्वारा समेत वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरियो। साथै माघ १० गते बैंकको स्थापना दिवसमा गण्डकी प्रादेशिक कार्यालयद्वारा आफ्नो प्राङ्गणमा विशेष कार्यक्रम मार्फत शुभकामना आदानप्रदान गरियो। उक्त कार्यक्रममा उपस्थित अतिथिहरूले राष्ट्रिय वाणिज्य बैंकले आफ्नो स्थापनाकालदेखि नै देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी, सुरक्षित र जनमुखी बैंकिङ सेवा प्रदान गर्ने विश्वास व्यक्त गरेका थिए। वार्षिकोत्सव कार्यक्रमहरू मार्फत बैंकका कर्मचारीहरूबीच आपसी सद्भाव अभिवृद्धि हुनुका साथै नेपालको प्रतिस्पर्धी बैंकिङ बजारमा समेत बैंकद्वारा सामाजिक उत्तरदायित्व बहनमा योगदान पुगेको जनाईएको छ। ■

## लुम्बिनी प्रदेश



राष्ट्रिय बैंक वाणिज्य लिमिटेडको ६१ औं वार्षिकोत्सवको अवसरमा लुम्बिनी प्रादेशिक कार्यालयद्वारा सामाजिक उत्तरदायित्व, वित्तीय समावेशिता तथा कर्मचारीबीच आपसी सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले विविध कार्यक्रमहरू आयोजना गरी उत्साहपूर्ण रूपमा मनाईएको छ। वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा ३२ जना रक्तदाताहरूको सक्रिय सहभागिता रहेको थियो। उक्त कार्यक्रममार्फत सामाजिक सेवाप्रति बैंकको प्रतिबद्धता पुनः स्थापित भएको छ। त्यसैगरी, लुम्बिनी प्रादेशिक कार्यालय तथा मातहतका १२ शाखा कार्यालयहरूको समन्वयमा विभिन्न ठाउँमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा करिब ८०० भन्दा बढी सर्वसाधारण तथा सेवाग्राहीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा बचत संस्कारको विकास, जिम्मेवार कर्जा प्रयोग, डिजिटल बैंकिङ सेवाको सुरक्षित प्रयोग तथा वित्तीय अनुशासन सम्बन्धी जानकारी प्रदान गरिएको थियो। बैंकको वार्षिकोत्सवलाई उत्साहपूर्ण बनाउन लुम्बिनी प्रादेशिक कार्यालयले प्रदेश अन्तर्गतका शाखाका १०० भन्दा बढी कर्मचारीहरूको उपस्थितीमा विभिन्न खेलकुद कार्यक्रमहरू समेत आयोजना गरेको थियो। ब्याडमिन्टन, बुद्धिचाल, म्युजिकल चियर तथा हांडीफोड्ने प्रतियोगिताहरूमा कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो। यस्ता गतिविधिहरूले कर्मचारीबीच सहकार्य, सकारात्मक ऊर्जा तथा संगठनात्मक एकता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास बैंकद्वारा लिईएको छ।

वार्षिकोत्सवकै सिलसिलामा माघ १० गते बैंक स्थापना दिवसको अवसरमा राष्ट्रिय बाणिज्य बैंक लुम्बिनी प्रादेशिक प्रमुख श्री गणेश चन्द्र पौडेलको अध्यक्षतामा औपचारिक कार्यक्रम आयोजना गरिएको थियो। नेपाल राष्ट्र बैंक सिध्दार्थनगर कार्यलयका उप-निर्देशक श्री जिवन प्रकाश पाण्डेको प्रमुख आतिथ्यता तथा उद्योग वाणिज्य संघ अध्यक्ष श्री हरिप्रसाद अर्यालको विशिष्ट आतिथ्यता रहेको उक्त कार्यक्रम प्रादेशिक उप-प्रमुख श्री रामचन्द्र विश्वकर्माद्वारा सञ्चालन गरिएको थियो। कार्यक्रममा बैंकका बहालवाला तथा भूतपूर्व कर्मचारीहरू, कर्जा ग्राहक, निक्षेपकर्ता, डिजिटल बैंकिङ प्रयोगकर्ता लगायत सर्वसाधारणको समेत उत्साहपूर्ण सहभागिता रहेको थियो। उक्त

कार्यक्रममा प्रदेश अन्तर्गतका सम्पूर्ण शाखा कार्यालयहरू मध्यबाट उत्कृष्ट निक्षेपकर्ता, असल कर्जा ग्राहक तथा सर्वाधिक डिजिटल कारोबार गर्ने ग्राहकहरूलाई विशेष सम्मान गरिएको थियो। सम्मान कार्यक्रममा बैंकप्रति ग्राहकहरूको विश्वास र सहकार्यका लागि बैंकको तर्फबाट हार्दिक आभार व्यक्त गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि, बिशिष्ट अतिथि तथा वक्ता ग्राहकहरूले बैंकले प्रदान गर्दै आएको कर्जा, निक्षेप, आधुनिक तथा प्रबिधी मैत्री डिजिटल बैंकिङ सेवाको खुलेर प्रशंसा गर्दै आगामि दिनमा अझै गुणस्तरिय सेवाको अपेक्षा सहित शभकामना व्यक्त गर्नु भएको थियो। सोही अवसरमा ६१ वर्षको गौरवपूर्ण यात्रालाई स्मरण गर्दै राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा आगामी दिनहरूमा अझ गुणस्तरीय, प्रविधिमैत्री तथा ग्राहक-केन्द्रित सेवा प्रदान गर्ने प्रतिबद्धता पुनः दोहोऱ्याइएको थियो। ■

## कर्णाली प्रदेश




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६१ औं वार्षिकोत्सवको अवसरमा कर्णाली प्रादेशिक कार्यालय सुर्खेतद्वारा रक्तदान, वित्तीय साक्षरता, खेलकुद लगायतका कार्यक्रमहरु आयोजना गरिएको थियो। माघ ६ गते आयोजना गरिएको रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गरेका थिए। त्यसैगरी माघ ८ र ९ गते कर्णाली प्रादेशिक कार्यालय र सो अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूद्वारा विभिन्न विद्यालय तथा संस्थाहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। प्रदेशभरका विभिन्न स्थानमा आयोजना गरिएको वित्तीय साक्षरता कार्यक्रममा एक हजार बढीको संख्यामा उपस्थिति रहेको थियो।

त्यसैगरी माघ १० गते बैंकको स्थापना दिवसका उपलक्ष्यमा कर्णाली प्रादेशिक कार्यालयद्वारा सुर्खेतमा एक समारोहका बीच ६१ औं वार्षिकोत्सव सम्पन्न गरिएको छ। उक्त समारोहको अध्यक्षता कर्णाली प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक श्री दुष्यन्त राज निरौलाले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथ्यता कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री श्री राजिब विक्रम शाहले गर्नु भएको थियो। समारोहमा मन्त्री शाहले राष्ट्रिय वाणिज्य बैंकले कर्णाली प्रदेशको आर्थिक विकासमा खेलेको भूमिकाप्रति मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो। सोही समारोहमा बैंकको ६१ औं वार्षिकोत्सवका अवसरमा आयोजित खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। समारोहमा शाखा कार्यालय सुर्खेत, शाखा कार्यालय वीरेन्द्रनगर र शाखा कार्यालय मूलपानीका कर्मचारीहरु, ग्राहकहरू, नेपाल बैंकर्स सङ्घका प्रतिनिधि, अन्य विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुखहरू, पूर्व कर्मचारीहरु, पत्रकार लगायत विभिन्न क्षेत्रका महानुभावहरूको उपस्थिति रहेको थियो। सो अवसरमा बैंकमा निक्षेप तथा कर्जाको कारोबार गरिरहनुभएका २६ जना उत्कृष्ट ग्राहकलाई सम्मान गरिएको थियो।

## सुदूरपश्चिम प्रदेश




राष्ट्रिय वाणिज्य बैंक सुदूरपश्चिम प्रादेशिक कार्यालयले रक्तदान र वित्तीय साक्षरता कार्यक्रम सहित फुटसल, ब्याडमिन्टन, घैंटो फुटाई, म्युजिकल चेयर लगायतका खेलकुद कार्यक्रमहरू आयोजना गरी बैंकको ६१ औं बार्षिकोत्सव सम्पन्न गरेको छ। माघ ६ गते आयोजना गरिएको रक्तदान कार्यक्रममा ५० जना रक्तदाताले रगत दान गरेको सुदूरपश्चिम प्रादेशिक प्रबन्धक राजेन्द्र आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार बैंकले आयोजना गरेका विभिन्न खेलकुदका कार्यक्रममा ८० जना खेलाडीले सहभागीता जनाएका थिए। 'माघ ३ गते ब्याडमिन्टन प्रतियोगिता र माघ ५ गते फुटसल पतियोगिता आयोजना गऱ्यौं ' उहाँले थप्नुभयो 'ब्याडमिन्टन, घैंटो फुटाई र म्युजिकल चेयर कार्यक्रम पनि विदाकै दिन पारेर आयोजना गरी त्यसै दिन सम्पन्न गऱ्यौं।' ब्याडमिन्टन प्रतियोगितामा बैंकमा कार्यरत कर्मचारीका ८ टिमले भाग लिएका थिए जस मध्ये बलिचरण चौधरी र प्रभुराज जोशीको टिम प्रथम, गोविन्द देव भट्ट र भागीराम चौधरीको टिम द्वितीय, दिपेन्द्र बहादुर भण्डारी र जगत सिं ठगुन्ना तथा विरेन्द्रराज जोशी र दिपक फुलाराको टिम तृतीय भएका थिए। त्यसैगरी फुटसल प्रतियोगितामा ६ टिमको सहभागीता रहेकोमा धनगढी शाखाको टिम प्रथम, सुदूरपश्चिम प्रादेशिक कार्यालयको टिम द्वितीय, क्याम्पसरोड शाखा र अत्तरिया शाखाको टिम तृतीय भएका थिए। यस विधामा उत्कृष्ट खेलाडी धनगढी शाखाका रोशन पाल भएका थिए। म्युजिकल चेयर प्रतियोगितामा भने महिला कर्मचारीहरूलाई मात्रै सहभागीता गराइएको बैंकले जनाएको छ। उक्त प्रतियोगितामा अत्तरिया शाखामा कार्यरत दुर्गा ऐर प्रथम, सुदूरपश्चिम प्रादेशिक कार्यालयमा कार्यरत शुशीला चन्द द्वितीय र क्याम्पसरोड शाखामा कार्यरत कमला बजगाइंले तृतीय स्थान हासिल गर्नुभएको थियो।

यस अघि बैंकद्वारा बर्षिकोत्सवकै अवसरमा कैलारी गाउंपालिका स्थित दिपेन्द्र माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम गरिएको थियो। १०० जना बढी विद्यार्थी सहित शिक्षक र कर्मचारी गरी कुल १ सय ३५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा उप-प्रबन्धक उषा भट्टले प्रशिक्षण दिनु भएको थियो। 'कार्यक्रम निकै प्रभावकारी रह्यो, उपस्थिति पनि सोचे भन्दा राम्रो नै भयो ' भन्दै उहाँले कार्यक्रमबाट विद्यार्थीले पैसाको उपभोग, खर्च र बचत कसरी गर्ने भन्ने विषयमा वित्तीय ज्ञान हासिल गरेको बताउनु भयो। साथै वित्तीय साक्षरता कार्यक्रमले बैंकिङ बानीको विकास, वित्तीय जोखिम न्युनिकरण र वित्तय व्यवस्थापनलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी विभिन्न खेलकुद प्रतियोगितामा विजयी खेलाडीहरूलाई ६१ औं बार्षिकोत्सवका अवसरमा माघ १० गते धनगढीमा आयोजित एक समारोहमा कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंक धनगढीका निर्देशक केशब बहादुर केसी, विशिष्ट अतिथि नेपाल बैंक लिमिटेड सुदूरपश्चिम प्रमुख अम्बिका अधिकारी, राष्ट्रिय वाणिज्य बैंक सुदूरपश्चिम प्रादेशिक प्रबन्धक लगायतले ट्रफी र प्रमाणपत्र वितरण गर्नुभएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकबाट कर्जा लिई विभिन्न क्षेत्रमा सफल भएका कर्जा ग्राहक, बैंकका असल निक्षेपकर्ता र डिजिटल बारोबार गर्ने उत्कृष्ट गाहकलाई सम्मान गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंकका निर्देशक केसीले

# ग्रामीण-अर्धसहरी क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न "रिभोल्भिङ फन्ड" सञ्चालनमा समझदारी



**काठमाडौं, माघ २८**

ग्रामीण तथा अर्धसहरी क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्दै साना तथा मझौला उद्यम (एसएमई) प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको 'रिभोल्भिङ फन्ड' सञ्चालनका लागि नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंकबीच समझदारी भएको छ।

ग्रामीण तथा अर्ध-सहरी क्षेत्रमा दिगो आर्थिक विकास (Sustainable Economic Development in Rural and Semi–Urban Areas – SEDRA) परियोजना जर्मन विकास बैंक (KfW) को वित्तीय सहयोगमा सञ्चालन हुँदै आएको छ । यस परियोजनाले स्थानीय स्तरमा साना र मझौला उद्यमलाई प्रवर्द्धन गर्दै वित्तीय पहुँच विस्तार गर्न तथा रोजगार सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढ बनाउन लक्षित रहेको छ।

समझदारीपत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट कायममुकायम निर्देशक शिखा अधिकारी रेग्मी र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हस्ताक्षर गरेका छन्। कार्यक्रममा संघीय गणतन्त्र जर्मनीका महामहिम राजदूत, नेपाल राष्ट्र बैंकका गभर्नर तथा परियोजना र बैंकका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

उक्त कोषमार्फत ग्रामीण तथा अर्धसहरी क्षेत्रमा वित्तीय सेवा विस्तार गर्नुका साथै उत्पादनमुखी तथा रोजगारी सिर्जना गर्ने साना तथा मझौला उद्यमलाई सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराइने अपेक्षा गरिएको छ। यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउन र दिगो आर्थिक विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ। ■

राष्ट्रिय वाणिज्य बैंकले नेपालको आर्थिक स्थायित्व र विकासमा ठुलो योगदान पुऱ्याएको बताउनुभयो। उहाँले सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा बैंकले खेलेको भूमिकाको प्रशंसा गर्दै बैंकले प्रतिस्पर्धात्मक वित्तीय बजारमा आफूलाई स्थापित गर्न बदलिंदो परिवेशलाई आत्मसात गर्दै सेवा प्रवाह गर्न समेत सुझाउनुभयो। त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकका सुदूरपश्चिम प्रादेशिक प्रबन्धक आचार्यले बैंकको सुदूरपश्चिम कार्यालयका आर्थिक परिसुचकहरू राम्रो रहेको बताउँदै सोका लागि योगदान गर्ने सबैलाई धन्यबाद दिनु भयो। साथै उहाँले बैंकको सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउन कर्मचारीलाई निर्देशन समेत दिनुभयो। सुदूरपश्चिम प्रादेशिक प्रबन्धक राजेन्द्र आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा धनगढी र अत्तरिया शाखाका शाखा प्रबन्धकहरू, कृषि विकास बैंकका सुदूरपश्चिम प्रादेशिक कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय कैलालीका प्रमुख, सुदुरपश्चिम प्रदेश कोष तथा लेखा नियन्त्रक, बैंकमा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरू लगायत कर्मचारी, पूर्व कर्मचारी, उद्यमी, व्यवसायी तथा सञ्चारकर्मीको सहभागीता रहेको थियो। सुदूरपश्चिम प्रादेशिक कार्यालयका उप-प्रमुख केशव प्रसाद खनालले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रम उप-प्रबन्धक उषा भट्टले सञ्चालन गर्नुभएको थियो। ■

## राष्ट्रिय वाणिज्य बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका दीर्घसेवा पदक प्राप्त गर्ने कर्मचारीहरू

| क्र.सं. | नाम, कर्मचारी नं. | पद / तह |
|---|---|---|
| १. | श्री पवन रेमी (१११७०) | उप कार्यकारी अधिकृत |
| २. | श्री राज्य लक्ष्मी खड्गी (१११६४) | मुख्य प्रबन्धक |
| ३. | श्री दिपक राज न्यौपाने (१११७१) | मुख्य प्रबन्धक |
| ४. | श्री ध्रुव प्रसाद अर्याल (१११७३) | मुख्य प्रबन्धक |
| ५. | श्री अच्युत गौतम (१११७४) | मुख्य प्रबन्धक |
| ६. | श्री पुष्प चन्द्र थापा (१११७५) | मुख्य प्रबन्धक |
| ७. | श्री ऋषभ भट्टराई (१११७६) | मुख्य प्रबन्धकत |
| ८. | श्री राजेन्द्र आचार्य (१११८२) | मुख्य प्रबन्धक |
| ९. | श्री विश्व प्रकाश ज्ञवाली (१११८३) | मुख्य प्रबन्धक |
| १०. | श्री गणेश चन्द्र पौडेल (१११८६) | मुख्य प्रबन्धक |
| ११. | श्री ऋषि राम ढकाल (१११८७) | मुख्य प्रबन्धक |
| १२. | श्री ब्रज मोहन अधिकारी (१११९१) | मुख्य प्रबन्धक |
| १३. | श्री हेम राज खरेल (१११९२) | मुख्य प्रबन्धक |
| १४. | श्री सरोज बस्नेत (१११९४) | मुख्य प्रबन्धक |
| १५. | श्री भोला नाथ पौड्याल (१११९४) | मुख्य प्रबन्धक |
| १६. | श्री आनन्द सुवेदी (१११९८) | मुख्य प्रबन्धक |
| १७. | श्री सन्दीप जंग कार्की (११२०१) | मुख्य प्रबन्धक |
| १८. | श्री प्रमोद अधिकारी (११२०२) | मुख्य प्रबन्धक |
| १९. | श्री पद्मा लक्ष्मी जि.सी. (११२०४) | मुख्य प्रबन्धक |
| २०. | श्री भवानी शंकर निरौला (११२०७) | मुख्य प्रबन्धक |
| २१. | श्री गायत्री श्रेष्ठ (११२०८) | मुख्य प्रबन्धक |
| २२. | श्री दामोदर ज्ञवाली (११२१२) | मुख्य प्रबन्धक |
| २३. | श्री सोनी श्रेष्ठ (११२१९) | मुख्य प्रबन्धक |
| २४. | श्री शिव प्रसाद चालिसे (११२२३) | मुख्य प्रबन्धक |
| २५. | श्री दिनेश गौतम (१११६६) | वरिष्ठ प्रबन्धक |
| २६. | श्री दिनेश न्यौपाने (१११६७) | वरिष्ठ प्रबन्धक |
| २७. | श्री हेमराज मरहठ्ठा (१११६९) | वरिष्ठ प्रबन्धक |
| २८. | श्री दिनेश ओझा (१११७७) | वरिष्ठ प्रबन्धक |
| २९. | श्री दिपेन्द्र कार्की (१११८०) | वरिष्ठ प्रबन्धक |
| ३०. | श्री हरीश चन्द्र भट्ट (१११८१) | वरिष्ठ प्रबन्धक |
| ३१. | श्री दुष्यन्त राज निरौला (१११८४ ) | वरिष्ठ प्रबन्धक |
| ३२. | श्री चेतराज भट्ट (१११८५) | वरिष्ठ प्रबन्धक |
| ३३. | श्री विदुर भूषण क्षेत्री (११२०३) | वरिष्ठ प्रबन्धक |
| ३४. | श्री दिपक प्रसाद मुडभरी (११२०९) | वरिष्ठ प्रबन्धक |
| ३५. | श्री राजु थापा (११२१५) | वरिष्ठ प्रबन्धक |
| ३६. | श्री प्रद्युम्न कार्की (११२१७) | वरिष्ठ प्रबन्धक |
| ३७. | श्री पवन कुमार सापकोटा (११२१८) | वरिष्ठ प्रबन्धक |
| ३८. | श्री भोज राज भट्ट (११२२१) | वरिष्ठ प्रबन्धक |
| ३९. | श्री अविता श्रेष्ठ (११२२४) | वरिष्ठ प्रबन्धक |
| ४०. | श्री धन बहादुर चन्द (१११९६) | प्रबन्धक |
| ४१. | श्री सूर्य बहादुर थापा (१११५१) | सवारी चालक |
| ४२. | बाबु काजी महर्जन (१११६१) | सवारी चालक |
| ४३. | श्री कृष्ण प्रसाद सिंखडा (११२३१) | सवारी चालक |
| ४४. | श्री राम बहादुर बस्नेत (११२२६) | माली |
| ४५. | श्री राम महर्जन (११२२७) | माली |

# Digital Landscape in Banking Industry विषयक प्रशिक्षण सम्पन्न



**काठमाडौं, माघ १८**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरुलाई Digital Landscape in Banking Industry विषयमा प्रशिक्षण प्रदान गरिएको छ। माघ १६ र १७ मा नगरकोटमा सम्पन्न उक्त प्रशिक्षणमा भुक्तानी तथा फछ्र्यौट विभागका २० जना कर्मचारीहरूको सहभागिता रहेको थियो। ■

## राष्ट्रिय वाणिज्य बैंकको...

उक्त कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देव कुमार ढकालले नेपाल सरकारले लिएको आर्थिक समृद्धिको लक्ष्यलाई टेवा पुग्ने गरी बैंकिङ सेवाहरूको विस्तार गर्दै बैंकले उत्पादनशिल क्षेत्रहरूलाई प्राथमिकतामा राखी कर्जा प्रवाह गरिरहेको जानकारी गराउनुभयो।

त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनुभयो। युवा पुस्ताको भावनालाई कदर गर्दै मुलुक एवम् जनताको हित हुने कार्यमा अग्रसर हुन बैंकको प्रमुख जिम्मेवारी एवम् दायित्व रहेको बताउँदै उहाँले समाजको आर्थिक मेरुदण्डको सारथिका रुपमा बैंक संगसंगै अगाडि बढ्ने बताउनुभयो।

प्रमुख कार्यकारी अधिकृत खनालले कर्मचारीले समग्र देशको उत्पादन, रोजगारी एवम् आय वृद्धि मार्फत आर्थिक रुपमा सबल र सक्षम अर्थतन्त्र निर्माणका लागि वर्तमान तथा भावी पुस्ताको चाहना बमोजिम बैंकिङ सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उक्त अवसरमा उहाँले बैंकले प्रविधिमा आधारित बैंकिङ सेवालाई आत्मसाथ गर्दै डिजीटल बैंकिङ्ग सेवालाई प्राथमिकताका साथ अगाडि बढाईरहेको र हालै मात्र नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) द्वारा आर्थिक वर्ष २०८०/०८१ मा सबैभन्दा बढी क्यू आर मर्चेन्ट कारोबार गर्ने बैंक तथा सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंकका रूपमा बैंक पुरस्कृत भएको जानकारी दिनुभयो।

मूल समारोहको कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष रबिन्द्र प्रसाद चौलागाईं, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका अध्यक्ष सुदिन केसी र राष्ट्रिय वाणिज्य बैंक नेपाल राष्ट्रिय कर्मचारी संगठनका कार्यवाहक अध्यक्ष चुडामणि गुप्ताले कर्मचारीको हकहित तथा समग्र बैंकको सम्बन्धमा आ-आफ्नो धारणा राख्दै शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरू थान प्रसाद पंज्ञानी, स्वतन्त्र सञ्चालक लक्ष्मण घिमिरे, प्रा.डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, हरि कुमार सिलवाल, नायब प्रमुख कार्यकारी अधिकृतद्वयः सरस्वती अधिकारी र देवेशप्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरू पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कंडेल, रामकुमार थापा, विभागीय प्रमुखहरू, शाखा प्रबन्धक, कर्मचारीहरू लगायत अतिथिहरूको उपस्थिति रहेको थियो।

यसअघि वार्षिकोत्सवकै अवसरमा बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरूको आयोजनामा रक्तदान, स्वास्थ्य शिविर, विविध खेलकुदका कार्यक्रम तथा ७७ वटै जिल्लामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको थियो। ■

## नायब प्रमुख...

साथै बैंक कम्प्यूटराइजेशनको लागी आवश्यक डिजिटल डेटा निर्माणमा सक्रिय रूपमा सहभागिता जनाउनु भयो।

बैंक सेवाको उत्तरार्धमा आईपुग्दा मानव संसाधन, कानून, कम्प्लायन्स, सामान्य सेवा, सम्पत्ति व्यवस्थापन, कर्जा अनुगमन तथा असूली, पेमेण्ट एण्ड सेटलमेन्ट, ब्राञ्च अपरेशन लगायतका विभागहरूलाई आवश्यक सुझाव र सहयोग प्रदान गर्दै सूचना प्रविधि तथा डिजिटल बैंकिङ क्षेत्रको कार्यक्षमता अभिवृद्धिमा नजिकबाट साथ दिनु भएका उहाँले आफ्नो सेवाकालमा बैंकको समग्र हितमा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो। राष्ट्रिय वाणिज्य बैंक परिवार उहाँको सेवा निवृत्त जीवन सुखमय रहोस् भन्ने शुभकामना व्यक्त गर्दछ। ■

## हार्दिक समवेदना

यस बैंकका ब्रान्च अपरेसन विभागमा कार्यरत वरिष्ठ प्रबन्धक विदुर भूषण क्षेत्री (११२०३) की आमा दुर्गा कुमारी पौड्याल क्षेत्री, वित्त विभागमा कार्यरत प्रबन्धक विनोद पौडेल (११०८४) की आमा सरस्वती पौडेल, वित्त विभागमा कार्यरत प्रबन्धक श्वेता पन्त (१२१३३) का बुवा पुरुषोत्तम बाबु पन्त, शाखा कार्यालय कोटेश्वरमा कार्यरत उप-प्रबन्धक गोकुल श्रेष्ठ (१२५१३) का बुवा श्यामकाजी श्रेष्ठ, शाखा कार्यालय दमकमा कार्यरत सहायक प्रबन्धक (नगद) महेन्द्र विक्रम पोर्तेल (१२१५६) का बुवा गणेश बहादुर पोर्तेल र शाखा कार्यालय मुड्केचुलामा कार्यरत सहायक ज्ञानेन्द्र यादव (१४२७४) का बुवा भरत कुमार यादवको केही समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*
**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*
**यदु उपाध्याय**